अनुसूची

(दफा ११ सँग सम्बन्धित)

# सेवा करार सम्झौता

**मटिहानी नगरपालिका** (यस पछि पहिलो पक्ष भनिएको) र **.................** (यस पछि दोस्रो पक्ष भनिएको) का बीच मिति ........... मा ..... ........... कार्य गर्नको लागि देहायका शर्तका अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई यो सम्झौता गरी एक-एकप्रति आपसमा बुझी लियौं, दियौंः-

**शर्तहरूः**

१. गर्नुपर्ने कामको विवरण ।

२. काम गर्नुपर्ने स्थान, समय र अवधि ।

३. सेवा करारमा काम गरेवापत पाउने रकम ।

४. सेवासम्बन्धी प्रचलित कानूनमा व्यवस्था भएका आचरणसम्बन्धी कुराहरू ।

५. सेवा करारमा काम गर्ने व्यक्तिलाई सार्वजनिक विदादेखि बाहेक अन्य कुनै पनि किसिमको विदा उपलब्ध नहुने ।

६. भुक्तानीको तरिका ।

७. सिलबन्दी दरभाउपत्र, बोलपत्र वा सोझै वार्ताद्वारा निर्धारित भएको सेवा करारको रकम मासिकरूपमा हुन आउने अनुपातको हिसाबले पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउनुपर्ने ।

८. सेवा करारमा काम गर्ने दोस्रो पक्षले खटाएको व्यक्ति शारीरिकरूपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरू बराबर उल्लंघन गरेमा निजको सट्टा दोस्रो पक्षले समान क्षमता र योग्यता भएको अर्को व्यक्ति पहिलो पक्षलाई उपलब्ध गराउनुपर्ने ।

९. सेवा करारमा काम गर्ने व्यक्तिले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी-नोक्सानीको बिगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्ने ।

१०. सेवा करारमा काम गर्ने व्यक्तिले कार्यालयको गोप्य कुरा वा कागजात कुनै अनाधिकृत व्यक्ति वा प्रेसलाई उपलब्ध गराएको प्रमाणित भएमा त्यस्तो गोप्य कुरा वा कागजात उपलब्ध गराउने व्यक्तिलाई सेवाबाट हटाई सोबाट भएको हानी-नोक्सानीको क्षतिपूर्ति दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्ने ।

११. सम्झौतामा उल्लेख भएभन्दा बढी रकमको दाबी दोस्रो पक्षले गर्न नपाउने ।

१२. सेवा करारमा काम गर्ने व्यक्तिलाई दोस्रो पक्षले आफ्नो कार्यालयको परिचयपत्र उपलब्ध गराउनुपर्ने र त्यस्तो परिचयपत्र कार्यालयमा कार्यरत रहेको अवस्थामा अनिवार्य रूपमा लगाउनुपर्ने ।

१३. सम्झौता भङ्ग गर्न चाहेमा कम्तीमा तीन महिनाको समय दिई एक पक्षले अर्को पक्षलाई लिखित रूपमा सूचना दिनुपर्ने ।

| पहिलो पक्षको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको | दोस्रो पक्षको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |

साक्षीः

१.

२.

३.

४.

ईति सम्वत् २०७५ साल ६ महिना २५ गते ५ रोज शुभम्